# विनियोजन विधेयक २०८१

सभामा प्रस्तुत मितिः– २०८१/३/०७

**प्रस्तावना :** धनुषाधाम नगरपालिका को आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरूको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम **धनुषाधाम नगरपालिका** को सभाले यो ऐन पारित गरि कार्यान्वयनका लागि सार्वजनिक गरिएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** **(१)**यस ऐनको नाम "धनुषाधाम नगरपालिका को विनियोजन ऐनको, २०८१" रहेको छ ।

(२) यो ऐन २०८१/०४/०१ गतेबाट प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०८१।०८२ को निमित्त सञ्चितकोष बाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिकवर्ष २०८१।०८२ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूचीहरुमा उल्लिखितचालू खर्च, पूँजिगतखर्च र वित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु **५८,६१,४००००।००** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** **(१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्ने अधिकार दिइएको रकमआर्थिक वर्ष २०८१।०८२ को निमित्त धनुषाधाम नगरपालिकाकोनगर कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरूको निमित्तविनियोजन गरिनेछ (खर्चका विनियोजनहरु अनूसुचीमा प्रस्ताव गरिएका छन ।)

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरूको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमानगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम रकमान्तर गर्न सक्ने

छ । यसरी रकम रकमान्तर गर्दा जम्मा रकमको २५ प्रतिसतमा नबढने गरी एक वा एक भन्दा वढी शिर्षकबाट अर्को एक वा एक भन्दा वढी शिर्षकमा रकामान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पुजिँगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोत वाट अर्को श्रोतमा रकामान्तर गर्न सकिनेछ । तर एउटै शिर्षक भित्रका बजेट शिर्षक वा उपशिर्षकमा रकामान्तर गर्दा जती सुकै रकम रकामान्तर गर्न सकनिछ । यसरी रकमान्तर गर्दा प्रमुख प्रशासकिय अधिकृत स्तरवाट १० प्रतिशत सम्म, अध्यक्ष स्तरवाट १५ प्रतिशत सम्म र

कार्यपालिका स्तरवाट भने २५ प्रतिसत सम्म रकमान्तर गर्न सकिने छ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम वाट साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन। तर पूजीगत खर्च र वित्त व्यवस्थापन व्यहोर्ने एक श्रोत वाट अर्को श्रोतमा रकमान्तर गर्न सकिने छ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

४) खर्च अनुमोदन :

१) आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत कार्यक्रम मा क्षेत्रगत मात्र विनियोजन भई कार्यक्रम/क्रियाकलापगत विभाजन हुन वाकी रहेका वजेट तथा कार्यक्रम कार्यान्ययन गर्न नगर कार्यपालिकाका प्रमुख तथा प्रमुख प्रशासकिय स्तरवाट स्वीकृत गराईएका कार्यक्रम, क्रियाकलाप र बजेट विनियोजन तथा खर्च यसै ऐन वमोजिम भएको मानिने छ।

२) आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत वजेट तथा कार्यक्रममा क्षेत्रगत वा शिर्षकगत मात्र विनियोजन भएको हकमा उक्त विनियोजनलाई कार्यक्रमगत वा क्रियाकलापगत रुपमा कार्यपालिका/नगरप्रमुख/प्रमुख प्रशासकिय स्तरवाट विनियोजन सम्वन्धि निर्णय भई क्रियाकलापगत रुपमा खर्च गर्न सकिनेछ। साथै चालु आ.व. २०८०।०८१ बाट आ.व. २०८१।०८२ मा अल्या हुने रकम कार्यपालिकाले निर्णय गरी शिर्षकगत रुपमा विभाजन गर्न सक्नेछ। यसरी गरिने विनियोजन यसै विधेयक वमोजिम भएको मानिनेछ।

३)उपदफा २ वमोजिम भएको विनियोजनलाई आगामी नगर सभावाट अनुमोदन गराउनुपर्ने छ।



विद्यादेवी, धानाटेवा, श्यामकुमार, विजयलाल, फुलोदेवी, धर्मजरवी, देवकी

## आ.व. २०८१।०८२ संक्षेप

| सि.न. | श्रोत विवरण | अनुमानित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | आन्तरीक श्रोत | १०००००००० | अनुमान |
| २ | संघिय सरकार वित्तीय स.अनुदान | १३०७००००० | पत्रानुसार |
| ३ | संघिय सरकार राजश्व वांडफांड रकम | ११९२००००० | पत्रानुसार |
| ४ | संघिय सरकार सशर्त अनुदान | २४०४९४००० | पत्रानुसार |
| ५ | संघिय सरकार विषेश अनुदान | ११५०००००० | पत्रानुसार |
| ६ | संघिय सरकार समपुरक अनुदान | ० | |
| ७ | प्रदेश सरकार वित्तीय स.अनुदान | ९५१९००० | पत्रानुसार |
| ८ | प्रदेश सरकार राजश्व वांडफांड रकम | १०२२७००० | पत्रानुसार |
| ९ | प्रदेश सरकार सशर्त अनुदान | ९५००००० | पत्रानुसार |
| १० | प्रदेश सरकार समपुरक अनुदान | २०००००० | पत्रानुसार |
| ११ | प्रदेश सरकार विशेष अनुदान | ३०००००० | पत्रानुसार |
| १२ | मालपोत रजिष्ट्रेशन | १५०००००० | अनुमान |
| - | अल्या अनुमान | २५०००००० | एकिन नभएको |
| | कुल जम्मा अनुमान | ५८६१४०००० | |

बिस्तृत विवरण

| विवरण | विस्तृत | रकम रु. | कै |
|---|---|---|---|
| आर्थिक विकास | | ११११००००० | |
| कृषि | ४०००००० | | संघिय समानिकरण |

आदरणीय अध्यक्ष ज्यू,
अब म विनियोजन विधेयक २०८१/०८२ पेश गर्दछु। विस्तृत विवरण यसै विधेयकको अंगको रुपमा पेश गरेको छु।
विनियोजन विधेयक २०८१/०८२ को संक्षेप निम्नअनुसार रहेको छ।

## आ.व. २०८१/०८२ व्यय संक्षेप

| सि.न. | श्रोत विवरण | अनुमानित रकम रु. | कैफियत |
|---|---|---|---|
| क) | चालु खर्च | ३२४८०९००० | |
| | नगरपालिका तर्फ | १३७११५००० | |
| | सशर्त तर्फ | १८७६९४००० | |
| ख) | पुजिगत खर्च | २६१३३१००० | |
| १ | आर्थिक विकास | १११००००० | |
| २ | पुर्वाधार विकास | १८०००००० | |
| ३ | सामाजिक विकास | ३५७००००० | |
| ४ | वन,वातावरण,विपद तथा सरसफाई | १५००००० | |
| ५ | संस्थागत विकास,सेवा प्रवाह तथा सुशासन | १०४००००० | |
| ६ | विभिन्न कोषहरु | ६१८१००० | |
| ७ | नगर स्तरीय योजनाहरु | ५०१५०००० | |
| ८ | वडा स्तरीय योजनाहरु | ४९५००००० | |
| ११ | विभिन्न सर्शत प्रकृतीको खर्चको सन्दर्भमा सम्बन्धीत निकायबाट स्वीकृत योजना तथा कार्यक्रमहरु | ७८८००००० | |
| | कुल जम्मा अनुमान | ५८६१४०००० | |

आदरणिय अध्यक्ष ज्यू
एवं सभा सदस्य ज्यूहरू

अन्त्यमा यो नीति तथा कार्यक्रम र बजेट (विनियोजन विधेयक र आर्थिक विधयक लगायत) निर्माण गर्नको लागि प्रत्यक्ष एवं अप्रत्यक्ष सहयोग गर्नुहुने निर्वाचित जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, बुद्धिजिवी, विभिन्न समितिका संयोजक तथा सदस्यहरू, कर्मचारी तथा धनुषाधाम नगरपालिका बासी सम्पूर्ण आदरणिय महानुभावहरू प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु।

धन्यवाद
मिति : २०८१/०३/०७ गते